# वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

# इको क्लवको गठन, संचालन तथा व्यवस्थापन निर्देशिका २०७४

## १. प्रस्तावना

स्थानीय सरकार संचालन ऐनको दफा ११ उपदफा २ (ज), (ञ) र (न) मा उल्लेखित विद्यार्थिको अतिरिक्त क्रियाकलाप तथा वातावरण संरक्षण र विपद व्यवस्थापन सम्बन्धी नगरपालिकाको कार्यमा सहयोग पुऱ्याउन वातावरण संरक्षणमा प्रत्यक्ष विद्यार्थीहरुलाई नै सहभागिता गराउने तथा विद्यालयको सैद्धान्तिक रुपमा रहेको वातावरण शिक्षालाई व्यवहारिक र प्रयोगात्मक प्रणालीको विकास गराउने उद्देश्यले इको क्लवको अवधारणालाई अगाडी सारिएको हो । यो विद्यार्थीहरुको संलग्नतामा गठन गरिने एक वातावरण संरक्षण समुह हो जुन वीरेन्द्रनगर नगरपालिका कार्यालयमा सूचिकृत भई संचालनमा आउने छ ।

## २. उद्देश्यः

धेरैजसो मानिहरुमा फोहर मैला तथा वातावरण संरक्षणको समस्याबारे जानकारी तथा व्यवस्थापन गर्ने तौर तरिकाहरुको कमी रहेको देखिएको छ । तसर्थ वृहत् जनचेतनाको माध्यमको रुपमा स्कुललाई छनौट गरि भविष्यका कर्णधार बालबालिकाहरुलाई यस सम्बन्धी ज्ञान, सिप र क्षमताको विकास गराई विद्यार्थीहरु मार्फत् यस कार्यक्रमलाई स्कुल, घर, टोल, वडा, नगर हुंदै राष्ट्रव्यापी रुपमा विस्तार गर्ने उद्देश्य राखिएको छ ।

- विद्यार्थीलाई फोहर मैला व्यवस्थापन तथा  वातावरण संरक्षणको अवधारणा र समस्या सित साक्षात्कार गराउने एवं समाधानका सवालमा संवेदनशिल भई वातावरणीय संरक्षणमा प्रत्यक्ष विद्यार्थीहरुलाई नै संलग्न हुन सजग बनाउने ।
- फोहर मैला व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी चेतनाको लहर फैलाउने कार्यक्रम सञ्चालन गर्न विद्यार्थीहरुलाई ज्ञान, सिप र क्षमताको विकास गराउने ।
- स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका वातावरणीय महत्व र समस्याबारे विद्यार्थीलाई जानकारी गराउने ।
- सामुदायको फोहर मैला व्यवस्थापन तथा वातावरण संरक्षण र विपद व्यवस्थापन सम्वन्धि जनचेतना जगाउने कार्यमा विद्यार्थीलाई सलग्न गराउने ।

## ३. कार्य, गठन र सञ्चालन

## ३.१ इको क्लवका कार्य निम्नानुसार हुनेछन् ।

### क) विद्यालय स्तरका कार्यहरु

- विद्यालय हाता सफा राख्ने र उत्पन्न हुने फोहरहरु व्यवस्थित रुपमा विर्सजन गर्ने व्यवस्था गर्ने ।
- विद्यालय परिषरमा हरियाली बढाउन वृक्षारोपण तथा बगैचा निर्माण गर्ने ।
- ऐतिहांसिक स्थल तथा वातावरणीय समस्या र संरक्षणका प्रयासका बारेमा भित्ते पत्रिका प्रकाशन गर्ने ।
- खेरजाने बस्तुहरुबाट विभिन्न वस्तुहरु बनाउने प्रतियोगिताहरु संचालन गर्ने ।
- विद्यालयमा वातारण संरक्षण एवं फोहर मैला व्यवस्थापन सम्वन्धमा चित्रकला, वक्तृत्वकला, निवन्ध, कविता, नाटक जस्ता प्रतियोगिता संचालन गर्ने ।
- विद्यार्थीहरुलाई विभिन्न वातावरणीय तथा ऐतिहासिक स्थानको समस्या र संरक्षणबारे साक्षात्कार गराउन भ्रमणको आयोजना गर्ने ।
- विद्यार्थिहरुलाई आफ्नो घर करेसा सफा राख्ने, बगैचा निर्माण तथा मल बनाउन, तालिम संचालन गर्ने ।
- विद्यार्थीहरुलाई शहरी विपद व्यवस्थापन प्रति सम्वेदनशिल वनाउने ।

ख) स्थानिय स्तरका कार्यक्रमहरु

- वतावरणीय समस्या र संरक्षणको बारेमा जनचेतना अभिवृद्धिकालागि प्रवचन, सभा, प्रदशर्नी आयोजना गर्ने ।
- फोहरमैला व्यवस्थापन सम्वन्धि सभा तथा प्रर्दशनिको आयोजना गर्ने ।
- आफ्नो वरिपरीका ऐतिहांसिक स्थल तथा प्राकृतिक सम्पदाको संरक्षण गर्न मानिहरुलाई प्रोत्साहन गर्ने ।
- कुनै पनि मानिस तथा उद्योग धन्दावाट निश्कने फोहरमैला जथाभावि फाल्ने गरिएको छ जसको कारणले अत्याधिक रुपमा वातावरण प्रदुषण हुने हुनाले त्यसको रोकथामको लागि सम्वन्धित निकायहरुमा नियन्त्रणका लागि अनुरोध गर्ने ।
- पलाष्टिकको प्रयोग कम गर्ने अभियान थाल्ने, वजार जांदा वा व्यापारीहरुलाई यस्को विकल्पको वारेमा जानकारी गराउने ।
- वातावरणीय समस्या समाधान र संरक्षणकालागि विभिन्न पम्प्लेट । पर्चाहरु प्रकाशन गर्ने ।

- स्थानिय क्लव तथा संघ संस्थाहरु संग मिलि विभिन्न वातावरणीय क्रियाकलापहरु आयोजना गर्ने ।
- स्थानिय संचार माध्यमहरुमा सम्पदा र वातावरण सरक्षण तथा फोहर मैला व्यवस्थानपन सम्वन्धि लेख रचना प्रकाशन एवं प्रशारण गराउने ।
- स्थानिय स्तरमा परेको विपद व्यवस्थापनमा सहयोग गर्ने ।

## ३.२ इको क्लवको गठन प्रकृया निम्नानुसार हुनेछ :

विद्यालयमा अध्ययनरत सम्पुर्ण विद्यार्थीहरुको वातावरण संरक्षण गर्ने समुह नै इको क्लव हो । विद्यालयका विद्यार्थीहरुको रुचि र आपसी छलफलको आधारमा इको क्लव गठन गरिन्छ । विद्यालयमा गठित इको क्लव वीरेन्द्रनगर नगरपालिकामा प्रत्येक वर्ष अषाढ मसान्त भित्र सूचिकृत हुनु पर्ने छ । विद्यालयका सम्पुर्ण विद्यार्थी यसका साधारण सदस्यका रुपमा रहने पाउनेछन् । इको क्लवले कम्तीमा निम्न कार्य अनिवार्य गर्नु पर्नेछ ।

निम्न

१, विद्यालय हरियाली कार्यक्रम ।

२, विद्यालय मासिक सरसफाई कार्यक्रम ।

३, कम्तीमा एउटा सार्वजनिक स्थल वा सम्पदा सरसफाई कार्यक्रम ।

४, विश्व वातावरण दिवस वा राष्ट्रिय सरसफाई सप्ताह मनाउने ।

५, भित्ते पत्रिका संचालन ।

६, सरसफाई तथा वातावरण संरक्षण विशेष कम्तीमा एक वटा प्रतियोगिता ।

**३.३ सञ्चालनः**

इको क्लवलाई व्यवस्थित तथा सूचारु रुपमा संचालन गर्नका लागि प्रत्येक विद्यालयमा ११ जना देखि १५ जनासम्मको एउटा कार्यकारिणी समितिको गठन गर्ने जसमा कक्षा ९ देखि कक्षा १२ सम्मको विद्यार्थी संलग्न गराउनु पर्दछ । जसमा प्रत्येक कक्षाबाट कम्तीमा दुई जना (१ जना छात्रा अनिवार्य) को प्रतिनिधित्व हुने गरि गराउनु पर्दछ । कार्यकारिणी समितिको पदावधि एक बर्षको रहने छ अर्थात् हरेक बर्ष नेतृत्व चयन गर्नुपर्दछ । कार्यकारिणी समितिमा निम्न लिखित पदाधिकारीहरु रहने छन् ।

अध्यक्ष - १

उपाध्यक्ष - १

सचिव - १

सह-सचिव - १

कोषाध्यक्ष - १

सदस्यहरु ६ देखि १० जना सम्म

संरक्षक - सम्वन्धि वडाको वडा अध्यक्ष र स्कुलका प्राधानध्यापक

सल्लाहकार - वातावरण विषयको शिक्षक र नगरपालिकाको वातावरण तथा सरसफाई शाखा प्रमुख

- *यो कार्यकारीणी समितिको अलावा ५ देखि ८ कक्षा कक्षा विद्यार्थीहरुको समेत इको वाल समूह कार्यकारीणी समितिको निर्णय अनुसार गठन गरि परिचालन गर्न सकिनेछ ।*
- *इको क्लवको वैठक कम्तीमा महिनाको १ पटक विद्यालयको पठन पाठनलाई असर नपर्ने गरि अनिवार्य वस्नु पर्ने छ ।*
- *कार्यकारीणी समितिको छनौट एवं निर्वाचन विद्यालयले तोके वमोजिमको विधि अनुसार हुनेछ ।*

**३.४, कार्यकारिणी समितिको सदस्यहरुको छनौटको आधार :**

- कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थी तथा १८ वर्ष नपुगेको विद्यार्थी ।
- नेतृत्व गर्न सक्ने विद्यार्थी
- दृढ इच्छा भएको विद्यार्थी
- मिलनसार विद्यार्थी
- वातावरण प्रति सचेत विद्यार्थी

## ५. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

**क) अध्यक्षको काम कर्तव्य र अधिकारहरुः**

- इको क्लवको अध्यक्षता गर्ने ।
- क्लवको सम्पुर्ण सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।
- आवश्यकता अनुसार पदाधिकारी र सदस्यहरुको काम बांडफांड गर्ने ।
- विद्यालय र समुदायमा गर्ने फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षण सम्वन्धि कार्यको विद्यार्थीका तर्फवाट नेतृत्व गर्ने ।
- विभिन्न कार्यक्रम संचालन गर्दा नगरपालिका लगाएत अन्य सहयोगि निकायहरु संग समन्वय गर्ने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

- अध्यक्षको अनुपस्थितीमा उपरोक्त काम गर्ने र क्लवको हितको लागि अन्य काम गर्ने ।

**ग) सचिवको काम, कर्तव्य र अधिकारहरुः**

- अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने तथा छलफल हुने विषय सूची तयार गर्ने ।
- दैनिक प्रशासनिक कार्य सञ्चालन तथा सदस्यहरुलाई क्लवको उद्देश्य प्राप्तीको निम्ति क्रियाशिल गराउने ।
- अन्य क्लवको हित हुने कार्य गर्ने ।

**घ) कोषाध्यक्षको काम कर्तव्य र अधिकारहरुः**

- क्लवको जिन्सी तथा नगदको जिम्मा लिने र श्रेष्ता खडा गरी राख्ने ।
- आर्थिक कारोबारको हिसाव किताव दुरुस्त राख्ने ।
- अन्य क्लवको हित हुने कार्य गर्ने ।

**ङ) अन्य सदस्यहरुको काम र कर्तव्य**

- सदस्यहरुले संधै क्लवप्रति उत्तरदायी भई एक आपसमा भाइचाराको व्यवहार गरी क्लवको हित र कार्य सञ्चालनमा संधै सहयोग गर्ने ।

**च) संरक्षक र सल्लाहकारको काम र कर्तव्य :**

- इको क्लवका गतिविधि अगाडी वढाउन आवस्यक सल्लाह सुझाव दिने ।
- इको क्लवलाई दिगो रुपमा संचालनका लागि आवस्यक सहजीकरण गर्ने ।
- इको क्लववाट प्रस्तावित कार्यक्रम संचालनका लागि श्रोत जुटाउन सहयोग गरिदिने ।

## ६. कोष संकलन र सञ्चालनः

कुनैपनि कार्य गर्नका लागि कोष पहिलो आवश्यकता हो । कोष विना कुनैपनि काम गर्न सकिदैन । कोष विभिन्न श्रोतहरुबाट संकलन गर्न सकिन्छ । यसका लागि आवश्यक श्रोतहरु पहिचान गरी कोष संकलन गर्नुपर्दछ र यी कोषबाट आफ्नो दैनिक कार्य संचालन तथा विभिन्न कार्यक्रमहरुको लागि खर्च गर्न सक्दछ ।

**६.१ कोष संकलनः**

कोष संकलनको लागि विद्यालयमा सदस्य शुल्क निर्धारण गरी प्रत्येक विद्यार्थीबाट शुल्क उठाई कोषको स्थापना गर्न पनि सकिन्छ तर शुल्क निर्धारण गर्दा कार्यसमितिको बैठकबाट छलफल गरी बर्षको कति गर्ने भनि निर्णय गरी समान गराउनु पर्दछ । यसको लागि विद्यालयका सम्पुर्ण विद्यार्थीहरु

इको क्लवको सदस्य रहन सक्नेछन् । शुल्क निर्धारण गरिसकेपछि प्रत्येक विद्यार्थीबाट सदस्य शुल्क उठाई कोष स्थापना गर्नको लागि बैंकमा खाता खोल्न सकिन्छ वा विद्यालयमा जम्मा गर्न पनि सकिन्छ । सो शुल्क प्रत्येक बर्ष उठाइनु पर्दछ । त्यस्तै विद्यालयबाट दिने अनुदानबाट पनि कोष स्थापना गर्न सकिन्छ । विद्यालयको अनुदान सहयोगका साथ साथै कोष अभिवृद्धिका निम्न विधिहरु अपनाएर पनि कोष संकलन गर्न सकिन्छ ।

- सदस्य शुल्कबाट
- विद्यालयबाट प्राप्त अनुदानबाट
- नगरपालिकावाट प्राप्त अनुदान
- सांस्कृतीक कार्यक्रम, देउसी भैलो, चन्दा, चिठ्ठा आदी
- अन्य सहयोगी संघ संस्थावाट सहयोग

**६.२ कोषको सञ्चालनः**

इको क्लवको विभिन्न श्रोतबाट आफ्नो कोषको स्थापना गरेपछि नजिकको कुनै बैंक वा विद्यालयमा जम्मा गर्न सकिनेछ र सञ्चालनको लागि अध्यक्ष, कोषाध्यक्ष तथा संरक्षकको संयुक्त दस्तखतमा मात्र आर्थिक कारोबार गर्नुपर्दछ । कार्य सम्पन्न भइसकेपछि आर्थिक कारोबार खर्चको स्पष्ट र सही अभिलेख राख्नुपर्ने हुन्छ । दैनिक क्लव सञ्चालनको लागि नियमित खर्चको आवश्यकता पर्दछ सो खर्च सदस्य शुल्कबाट गर्नुपर्ने हुन्छ भने कुनै कार्यक्रम वा आयोजना खर्चको लागि विद्यालय अनुदान तथा अन्य श्रोतबाट जुटाउनु पर्ने हुन्छ भने नपुगेमा सदस्य शुल्कबाट पनि गर्न सकिन्छ । इको क्लवका खर्च शिर्षकहरु निम्नानुसार हुनेछन् । वैक खाता खोल्न विद्यार्थीहरुको नागरिकता नभएका कारणले समस्या भएमा विद्यालयले आफ्नै खातामा जम्मा गरि सो छुट्टै हिसाव राख्न सकिनेछ । तर खर्च गर्दा भने इको ल्कवको निर्णय एवं पदाधिकारीको सिफारिश अनिवार्य राख्नु पर्ने पर्नेछ ।

निम्न

- दैनिक क्लव संचालन खर्च (नियमित खर्च) - सदस्य शुल्कबाट
- कार्यक्रम वा आयोजना खर्च (आवश्यकता अनुसार) - अनुदान, चन्दाबाट

**७. विद्यालयले थप नियम वनाउन सक्ने :** यस निर्देशिकाको उद्धेश्य प्राप्तीमा सहजता एवं इको क्लवको कामलाई व्यवस्थीत एवं दिगो वनाउन विद्यालयले इको क्लव र इको बाल क्लव सम्वन्धमा थप नियमहरु वनाई लागु गर्न सक्ने छ । यसरी विद्यालयले वनाएका थप नियमहरु नगरपालिकामा जानकारीकालागि पठाउनु पर्नेछ ।